# गैर-आवासीय नेपाली परिचयपत्र (NRN-IDENTITY CARD)

गैर-आवासीय नेपाली ऐन २०६४ तथा गैर-आवासीय नेपाली नियमावली २०६६ मा व्यवस्था भए बमोजिम दुताबासले विदेशमा रहेका नेपाली तथा नेपाली मुलका विदेशी नागरिकलाई गैर-आवासीय नेपालको रुपमा दर्ता गर्ने र गैर-आवासीय परिचय पत्र पनि प्रदान गर्छ। निवेदकले गैर-आवासीय नेपाली नागरिकको रुपमा दर्ता गर्दा शुल्क यरो १६/- तिर्नु पर्ने हुन्छ ।

**आवश्यक कागजात**

विदेशमा बस्ने नेपाली नागरिकको लागि

१. अनुसूची-१ खण्ड (क) बमोजिमको फाराम,
२. नेपाली नागरिकता प्रमाणपत्र र राहदानीको प्रतिलिपि,
३. विदेशमा कुनै व्यवसाय गरेको भए सो व्यवसाय दर्ता सम्बन्धी कागजात,
४. विदेशमा पेशा वा रोजगारी गरी बसेको भए सो पुष्टि गर्ने कागजात,
५. कुनै अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत रहेको भए सो संस्थाको नियुक्तिपत्र तथा हाल कार्यरत रहेको भन्ने व्यहोरा खुल्ने कागजात,
६. हालसालै खिचिएको परिचय पत्र/पासपोर्ट साईजको चार प्रति फोटो ।
७. राजस्व युरो ४०/-

नेपाली मूलको विदेशी नागरिकको लागि

१. अनुसूची-१ खण्ड (ख) बमोजिमको फाराम,
२. बसोबास गरिरहेको मुलुकको नागरिकता खुल्ने कागजात(नागरिकता प्रमाण पत्र ) र राहदानीको प्रतिलिपि,
३. नेपालको नागरिकता परित्याग गरेको भए सो नागरिकता परित्याग गरेको प्रमाण,
४. बाबु/आमा/बाजे/बज्यै वा नेपालमा भएको निकटतम व्यक्तिको नागरिकताको प्रमाणपत्र नं, जिल्ला वा निज नेपालको नागरिक भएको भएको व्यहोरा खुल्ने कागजात,
५. नेपाल भन्दा बाहिर कुनै देशमा कुनै पेशा वा व्यवसाय गरी बसेको भए सो व्यवसाय दर्ता सम्बन्धी कागजात,
६. नेपाल भन्दा बाहिर कुनै देशमा रोजगारी गरी बसेको भए सो पुष्टि गर्ने कागजात,
७. हालसालै खिचिएको परिचय पत्र/पासपोर्ट साईजको चार प्रति फोटो,
८. राजस्व अमुरिकी डलर ५००/- वा सो बराबरको युरो ।